# हरिवन नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
हरिवन, सर्लाही
मधेश प्रदेश, नेपाल

## आ.व. २०८३।०८४ का लागि आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धी सिलबन्दी वोलपत्रको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८३।०३।१५**

हरिवन नगरपालिकाले आगामी आ.व. २०८३।०८४ मा आन्तरिक आय संकलनको लागि तपसिलबमोजिम ठेक्का बन्दोबस्त गर्नु परेकोले ईच्छुक फर्म वा कम्पनीहरुबाट देहाय बमोजिमका शर्तको अधीनमा रही सिलबन्दी बोलपत्र / दरभाऊपत्र आव्हान गरिएको छ।

**शर्तहरुः**

१. ईच्छुक फर्म वा कम्पनीहरुबाट आफ्नो फर्म नवीकरण, मूल्य अभिबृद्धि कर तथा आ व २०८२।०८३ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपिसहित बोलपत्र/दरभाऊपत्र फाराम तपसिलमा उल्लेखित दस्तुर (फिर्ता नहुने गरी) तिरी मिति २०८३।३।२९ गते कार्यालय समय सम्म खरिद गर्न सकिनेछ।

२. सिलबन्दी खामबाहिर विवरण प्रष्ट खुलाई मिति २०८३।३।३० गते मध्यान्ह १२:०० बजे सम्म बोलपत्र यस कार्यालयमा छुट्टाछुट्टै दर्ता गरी सक्नु पर्नेछ। दर्ता भएका बोलपत्र/ दरभाऊपत्रहरु कार्यालय प्रतिनिधि तथा बोलपत्रदाता वा निजहरुको प्रतिनिधिहरुको मिति २०८३।३।३० मा दिउसो २:०० बजे हरिवन नगरपालिकाको कार्यालयमा खोलिनेछ। बोलपत्रदाता/ दरभाऊपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्ने कार्यमा बाधा पर्ने छैन।

३. बोलपत्र/ दरभाऊपत्र खरिद गर्ने वा दर्ता गर्ने अन्तिम दिन विदा परेमा उक्त कार्यहरु क्रमशः लगत्तै कार्यालय खुलेको दिन हुनेछ।

४. केरमेट गरी सही नगरेको, सही छाप नभएको, म्याद नाघी पर्न आएको बोलपत्र/ दरभाऊपत्र उपर कार्यवाही हुने छैन।

५. बोलपत्रदाता/ दरभाऊपत्र दाताले कबुल गरेको अंकको ५ प्रतिशत बाट हुन आउने धरौटी रकम यस नगरपालिकाको नेपाल बैंक लि. हरिवन शाखा, हरिवन सर्लाहीमा रहेको धरौटी खाता नं. ग.-३-०:१३२०३००००३००००००००१ मा जम्मा गरेको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तिमा नब्बे दिन म्याद भएको बोलपत्र /दरभाऊपत्र जमानतको सक्कल प्रति बोलपत्र/ दरभाऊपत्र फाराम साथ संलग्न राखी पेश गर्नुपर्ने छ।

६. स्वीकृत बोलपत्र दाता/ दरभाऊपत्र दाताले आफुले कवोल गरेको कुल रकम एवमुष्ठ बुझाउनु पर्नेछ वा कबोल गरेको रकम वरावरको १३ महिना म्याद भएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बाणिज्य बैंक, नेपाल बैंक, कृषि विकास बैंक (वित्तिय संस्था, फाईनान्स, कम्पनी, सहकारी वित्तिय संस्थाहरु वाहेक) को कार्यसम्पादन जमानत ठेक्का सम्झौता

गर्दा नै पेश गर्नु पर्नेछ। उक्त बैंक जमानत पेश नगरेमा वा एक मुष्ट नगद नबुझाएमा निजको धरौटी जफत गरी प्रचलित कानून वमोजिम कार्वाही गरिनेछ। ठेकेदारले सम्झौताको समयमा ठेक्का अनुसारको सम्पूर्ण ठेक्का रकम एकमुष्ट बुझाएमा दश प्रतिशतले हुने रकम छुट दिईनेछ।

७. ठेक्का वापत नेपाल सरकारलाई तिर्नु, बुझाउनु पर्ने सबै कर ठेक्कादार स्वयंले बुझाउनु पर्ने छ।

८. समयमा किस्ता रकम नबुझाएमा बैंक जमानतबाट नगरपालिकाले किस्ता रकम असुल उपर गर्नेछ।

९. ठेकेदारले बोलपत्र फाराम साथ संलग्न दररेट अनुसार कर संकलन गर्नु पर्नेछ।

१०. कुनै कारण देखाई वा नदेखाई बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार नगरपालिका कार्यालयमा निहित रहनेछ।

११. ठेक्काचलन ठेक्का सम्बन्धी कबुलियतनामा र पट्टाबमोजिम मात्र गर्न पाईने छ। कानूनले निषेध गरेको सामग्रीमा कर तथा सेवा शुल्क असुल गर्न पाईने छैन।

१२. नव निर्मित ब्यपारिक भवनको सटरहरु भाडामा दिने भएको हुदा उक्त सटरहरु मा ब्यपारीसंग कुनै किसिमको हाट बजार शुल्क लिन पाउने छैन।

१३. कर तथा शुल्कको दररेट सम्वन्धी विवरण वोलपत्र फारममा उल्लेख भएअनुसार हुनेछ। यस सूचनामा उल्लेख नभएका कुराको हकमा प्रचलित कानूनअनुसार हुनेछ।

# वजार ठेक्काको टेण्डर फाराम ।

प्रमुख प्रशासकीय अधिकृत ज्यू ।
नगर कार्यपालिकाको कार्यालय ,हरिवन, सर्लाही ।

आ.ब.२०८३/०८४ सम्मको लागि तपसिल वमोजिमका शर्त पालना गर्नेगरि ठेक्का सकार तथा चलन गर्न पाउनेगरि यो टेण्डर फाराम भरी पेश गरेकोछु ,नियमानुशार स्वीकृत गरि पाउँ ।

| सि.नं. | ठेक्काको किसिम | न्यूनतम ठेक्का अंक (मु.अ.कर सहित ) | सकार रकम | | धरौटी रकम | |
|---|---|---|---|---|---|---|
| | | | अंकमा | अक्षरमा | अंकमा | अक्षरमा |
| १ | खसि बजार | रु ७५,००,०००/०० | | | | |
| २ | राँगा बजार | रु ६,९१,०००/०० | | | | |
| ३. | धरहरा बजार, | रु २८,२५०/०० | | | | |
| ४. | डावरी बजार | रु ११,३००/०० | | | | |
| ५. | नयारोड तरकारी बजार | रु २२,६००/०० | | | | |
| ६. | सुखेपोखरी स्थित पोखरी | रु २२,६००/०० | | | | |
| ७. | शिवसागर पोखरी | रु ४०,६८०/०० | | | | |
| ८. | बिज्ञापन सामग्रीमा लाग्ने बिज्ञापन कर ठेक्का | रु ३,१५,००० /०० | | | | |
| ९ | कवाडी निकासा ठेक्का | रु ६,००,०००/०० | | | – | |

**निवेदक**
फर्मको नाम-
फर्मको ठेगाना-
दस्तखत-
फर्म भए फर्मको छाप-

**सुचनामा उल्लेखित कागज जातहरु संलग्न हुनुपर्छ ।**